annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १६२ पृष्ठ १० | काठमाडौं, बुधबार २३ असोज २०८१ | आश्विन शुक्लपक्ष सप्तमी नेपाल संवत् ११४४ | WEDNESDAY, OCTOBER 9, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



दसैंको मुखमा बिदेसिनुको पीडा। छुट्टिनुअघि आफन्तलाई अँगालोमा राखेर बिदा हुँदै सोमबार साँझ अन्तर्राष्ट्रिय विमानस्थलमा एक युवा।
● अशोक दुलाल

कभर स्टोरी

# देशमा दसैं, उनीहरू उडे विदेश

**देशमा दसैंको रौनक छ। तर हजारौं युवा दसैं मान्न छोडेर, बिदेसिइरहेका छन। नजाऊन् पनि किन ? न देशमा रोजगारी छ, न त सुरक्षित भविष्यको सुनिश्चिता नै छ। अनि, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदेश जाने युवा र आफन्तको रुवावासी चल्छ। विमानस्थलको दृश्यले भन्छ, 'सयौं व्यक्ति बोक्ने जहाजहरूले युवामात्रै बोक्दैनन्, सिंगै देश बोकेर विदेश उडिरहेका छन्।**

राजकरण महतो | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

# खनालको संयोजकत्वमा आर्थिक सुधार सुझाव आयोग

## थप ५७ वटा हिमालको आरोहण खुला

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

मुलुकको अर्थतन्त्र सुधारका लागि सुझाव दिन सरकारले आयोग गठन गरेको छ। पूर्वअर्थसचिव रामेश्वरप्रसाद खनालको संयोजकत्वमा पाँच सदस्यीय आयोग गठन भएको हो। सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले मुलुकको समग्र अर्थतन्त्रको सुधारका लागि राय दिने कार्यादेशसहित आयोग गठन गर्ने निर्णय भएको जानकारी दिए।



सोमबार बसेको मन्त्रिपरिषद् बैठकले थप ५७ वटा हिमाल आरोहणका लागि खुला गर्ने निर्णय पनि गरेको छ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सरकारले थप ५७ वटा हिमाल आरोहणका लागि खुला गर्ने निर्णय पनि गरेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत रहेका थप हिमालहरूको आरोहणका लागि अनुमति दिने निर्णय भएको सरकारका प्रवक्ता गुरुङले जानकारी दिए।

त्यस्तै, सरकारले बाढीपहिरोका कारण संकटग्रस्त घोषणा गरिएका जिल्लाहरूमा राहत, पुनर्स्थापनाको काम तीव्र ढंगले भइरहेको विश्लेषण गरेको छ। सरकारका प्रवक्ता गुरुङले विपद् संकटग्रस्त घोषणा भएका पालिकामा खाद्यान्न पुर्‍याउनेदेखि अवरुद्ध सडक, सञ्चार, विद्युत् सुचारु गर्ने काम तीव्र रूपमा भइरहेको बताए। उनले प्रभावित जनतालाई राहत र पुनर्निर्माणका लागि आवश्यक रकम पठाउनका लागि जिल्ला विपत् व्यवस्थापन समितिसँग समन्वय गरेर आवश्यक व्यवस्थापन गर्ने जिम्मा गृह मन्त्रालयलाई दिइएको जानकारी दिए।

अझै केही पालिका विपद् संकटग्रस्त घोषणा हुन सक्ने र त्यस्तो स्थानीय तहको संख्या ६५ सम्म पुग्न सक्ने उनले बताए। यसअघि सरकारले १२ जिल्लाका ४१ स्थानीय तहलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो। असोज ११ र १२ गते आएको भीषण वर्षाका कारण ठूलो धनजनको क्षति भएको छ।

यस्तै, सरकारले २०८१ कात्तिक १९ देखि २३ गतेसम्म इजिप्टको कायरोमा आयोजना हुने वर्ल्ड अरबान फोरम सम्मेलनमा सहभागी हुनका लागि उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहलाई पठाउने निर्णय गरेको छ।

त्यसैगरी, २०८१ कात्तिक १ देखि ३ गतेसम्म रुसमा आयोजना हुने २२ औं इन्टरनेसनल स्पोर्ट्स फोरममा सहभागी हुन युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीलाई पठाउने प्रस्ताव पनि मन्त्रिपरिषद् बैठकले स्वीकृत दिने निर्णय पनि गरेको छ। मन्त्रिपरिषद् बैठकले सेयर तथा ऋण लगानी नीति २०८१ समेत स्वीकृत गरेको छ।

# नाङ्लो बुनेरै मनग्गे आम्दानी

**प्रदीपचन्द्र राई** | *भोजपुर*

आधुनिकता बढेसँगै हिजोआज धेरैजसो जीवनशैलीहरू फेरिएका छन्। परम्परागत बाँसबाट बनेका नाङ्लो दैनिक प्रयोगमा आउने गाउँघरको लोकप्रिय सामग्री हो। तर जमाना र जीवनशैली फेरिए पनि हरेक घर, भान्साहरूमा नाङ्लोको लोकप्रियता अहिले पनि उत्तिकै छ। सोही परम्परागत शैलीको नाङ्लो बुन्ने र बेच्ने पेसा भोजपुरको दक्षिणी होम्ताङबासीको राम्रो आम्दानीको विकल्प बन्दै गएको छ। हतुवागढी गाउँपालिका होम्ताङका स्थानीय बासिन्दा परम्परागत पुर्ख्यौली नाङ्लो बुन्ने पेसाबाट राम्रो आम्दानी लिँदै आएका छन्।



हतुवागढी गाउँपालिका- ६, होम्ताङको साबिक १ नम्बर वडा लङ्खाका करिव ७५ घर, साबिक २ नम्बर वडा बिथाराका १ सय ६५ घर, साबिक ३ नम्बर वडाका लुम्बुवाका १ सय ३५ घर र हालको हतुवागढी गाउँपालिका- ५, साबिक ४ नम्बर वडा सोया गाउँका करिब ४० घरपरिवार व्यावसायिक रूपमा नाङ्लो बुन्दै आएका छन्। सो क्षेत्रबाट वार्षिक साढे दुई करोड रुपैयाँबराबरको नाङ्लो बिक्री हुने गरेको छ।

विशेषगरी भदौ, असोज र कात्तिक महिनामा सबैभन्दा बढी नाङ्लो उत्पादन तथा खरिदबिक्री हुने गरेको छ। दसैं, तिहार, छठलगायतका चाड विशेषमा नाङ्लोको बढी माग हुने हतुवागढी- ६ का स्थानीय नाङ्लो व्यवसायी राजेन्द्र राईले बताए। उत्पादित नाङ्लो आफूसहित अन्य दुई जना मिलेर संकलनपश्चात् बाहिरी बजारमा पठाउँदै आएको उनले बताए। उनका अनुसार सो क्षेत्रबाट प्रतिमहिना १८ देखि २० हजार गोटासम्म नाङ्लो बाहिर निर्यात हुने गरेको छ। किसानले बनाएका नाङ्लो प्रतिगोटा १ सयदेखि १ सय १० रुपैयाँसम्म खरिद बिक्री हुने गरेको उनले बताए।

'हामीले पुर्खाको पालादेखि नाङ्लो बुन्ने पेसा गर्दै आएका छौं, गाउँघरमै बसेर मनग्गे आम्दानी हुने स्रोत बनेको छ', व्यवसायी राईले भने, 'यहाँबाट संकलित नाङ्लो प्रतिमहिना १९ देखि २१ हजार गोटासम्म बाह्य बजारमा पुर्‍याउँछौं।' यसरी मासिक २१ लाखबराबरको नाङ्लो निर्यात हुने उनले बताए। यो ठाउँमा नाङ्लोको बिक्रीबाट वार्षिक दुईदेखि २ करोड ५० लाखसम्म आम्दानी हुने गरेको छ। यस क्षेत्रका एक परिवारले मासिक न्यूनतम १ सय ५० देखि अधिकतम तीन सय वटासम्म नाङ्लो उत्पादन गर्दै आएका छन्।

होम्ताङबवासीको राम्रो आम्दानीको स्रोतको रूपमा रहेको नाङ्लो बुन्ने व्यवसायलाई प्रवर्द्धन र विकास गर्न स्थानीय सरकारले पनि प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको स्थानीय नाङ्लो व्यवसायी प्रकाश राईले बताए। यसको थप विकास तथा विस्तार गरेर थप व्यावसायिकता ल्याउनु आवश्यक रहेको उनको भनाइ छ। भन्छन्, 'यसबाट गाउँघरमा मनग्गे पैसा पनि भित्रिँदै आएको छ। यसलाई थप व्यावसायिकता र बजारीकरण गर्न स्थानीय सरकारले ध्यान दिनु आवश्यक छ।'

नाङ्लो बुनेरै जीविका चलाउने यस भेगका नागरिकको नाङ्लो बुन्ने पेसा नै एक मात्र भरपर्दो माध्यम हो। नाङ्लो बुनेर घर खर्च चलाउने गरेको स्थानीयवासी पूजा राईले बताईन्। पूजा राईले आफ्नो घरका तीनै जना परिवार नै नाङ्लो बुन्ने गरेको उनले सुनाइन्। परिवार मिलेर प्रतिमहिना १ सय ५० वटासम्म नाङ्लो तयार हुने गरेको उनी सुनाउँछिन्। राईले नाङ्लोबाटै वार्षिक दुई देखि तीन लाखसम्म आम्दानी गर्ने गरेकी छन्। 'हाम्रो पुर्ख्यौली पेसा नै यही नाङ्लो बुन्ने हो, म र मेरा परिवारका सबै सदस्य मिलेर नाङ्लो बुन्छौं,' राईले भनिन्, 'हाम्रो मुख्य आम्दानीको स्रोत नै यही हो। खेतबारी थोरै छ। नाङ्लो घरबाट नै बिक्री हुन्छ। यसको बिक्रीबाट घरगर्जो राम्ररी नै टर्छ। हाम्रो क्षेत्रका प्राय: सबैले व्यावसायिक रूपमा नाङ्लो बुन्दै आएका छौं।'

नाङ्लो बनाउने व्यवसाय होम्ताङवासीको निकै राम्रो आम्दानीको स्रोतका रूपमा रहेकाले यसको व्यवसायीकरण र बजारीकरणको लागि स्थानीय सरकारले विशेष ध्यान दिने गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताए। पुर्ख्यौली तथा रैथाने पेसा रहेकाले यसको विकास, विस्तार तथा संरक्षणमा जोड दिइने उनले बताए। 'यो हाम्रो गाउँपालिकामा गरिने परम्परागत पुर्ख्यौली पेसा हो। यो व्यवसाय यहाँका नागरिकको मुख्य आम्दानी स्रोतको रूपमा रहेको छ। यसको थप व्यवसायीकरणसँगै बजारीकरण गर्नु आवश्यक छ।', अध्यक्ष राईले भने। संकलित नाङ्लो धरान, इटहरी, विराटनगर, झापा हुँदै नेपालभरका विभिन्न क्षेत्रहरू र भारतीय व्यापारसम्म पुग्ने गरेको छ।

# धौलागिरिमा ५ रसियन आरोहीको मृत्यु

**सन्तोष गौतम** | *बेनी*

म्याग्दीस्थित धौलागिरि हिमाल आरोहणका क्रममा दुई दिनअघि हराएका पाँच जना रसियन पर्वतारोही मंगलबार मृत भेटिएका छन्। धौलागिरि हिमालको हाईक्याप आधारशिविरबाट आइतबारदेखि उनीहरू हराएका थिए। मंगलबार ७ हजार १ सय मिटरको उचाइमा उनीहरूका शव भेटिएका हुन्।

रसियाका अलेक्जेन्डर डसिको, ओलेग क्रुग्लोभ, भ्लाल्दिमिर सिस्टकोभ, मिखाइल नोसेन्को र डिमित्री सालिलेभोईको शव भेटिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी नायब उपरीक्षक भरत श्रेष्ठले पुष्टि गरे।

हाईक्यापमा बास बसेर त्यहाँबाट माथि जाने क्रममा आइतबार दिउँसो ११ बजेदेखि पाँचैजना सम्पर्कविहीन भएका थिए। त्यसपछि हेलिकप्टरमार्फत खोजी गरिएको थियो। पाँचै जना मृत भेटिए। घटनास्थलबाट हेलिकप्टरमार्फत शव ल्याउने तयारी भएको डीएसपी श्रेष्ठले बताए।

हराएका पर्यटक खोज्न हेली एभरेस्टको हेलिकप्टर परिचालन गरिएको थियो। उनीहरू आई एम ट्रेकिङ एन्ड एक्सपिडिसनमार्फत धौलागिरि हिमाल आरोहणका गएका थिए। धौलागिरि हिमाल आरोहणका क्रममा ७ हजार ६ सय मिटर उचाइमा उनीहरू दुर्घटनामा परेको अनुमान गरिएको छ। आरोही समूहका एकजना भालेरी सामालोलाई 'फस्ट क्याम्प'बाट उद्धार गरी काठमाडौं लगिएको छ। चौथो क्याम्पमा पुगेपछि माथि जान अप्ठ्यारो भएका कारण उनी तल ओर्लेका थिए।

विश्वकै सातौं (८ हजार १ सय ६७ मिटर) अग्लो धवलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ मा पर्छ। हाल शरद यामका लागि १४ जना पुरुष पर्वतारोहीले धवलागिरी हिमाल आरोहणका लागि अनुमति लिएको पर्यटन विभागले जनाएको छ।

